रामधुनि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
१ नं. प्रदेश , नेपाल

प.स. ०७६।०७७
च.न. ३४२५

मिति :-२०७७०३।३१

बिषय :- दररेट सम्बन्धि सुचना ।

प्रथम पटक प्रकाशित मिति :-२०७७०३।३१

उपरोक्त सम्बन्धमा रामधुनी नगरपालिकाको मिति २०७७०३।२९ को निर्णयानुसार रामधुनी नगरपालिका द्वारा कृषि ब्यबसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र झुम्कामा संचालित क्वारेन्टाइनमा रहेका ब्यत्तिहरु , डयुटि खटिएका प्रहरीहरु ,सरसफाइ कर्मचारीहरुलाइ प्रति ब्यत्ति प्रति दिन रु.३४०।- मा नबढने गरि तपसिल बमोजिमको सर्तमा रहि चिया नास्ता तथा खाना खुवाउन इच्छुक होटल व्यबसायी तथा अन्य व्यवसायीहरुले ७ (सात) दिन भित्र आफुले खुवाउनु पर्ने खाना नास्ताको दररेट पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. दररेट निबेदन साथ फर्म दर्ता/पान दर्ता/नागरिकताको प्रतिलिपि संलग्न हुनु पर्ने छ ।

२ .बिहान ७ :०० बजेको चिया नास्तामा चिया, चना चिउरा तथा अण्डा १ खुवाउनु पर्ने छ भने दिउसो ३ :०० बजे चिया र बिस्कुट खुवाउनु पर्ने छ ।

३. बिहान ११ :०० बजेको खानामा दाल ,ग्रेडिङ्ग मनसुली चामलको भात, तरकारी र अचार हुनु पर्ने छ भने साँझ ६:३० बजेको खानामा पनि सोहि अनुसारको दाल, भात, तरकारी र अचार हुनु पर्ने छ ।

४. हप्तामा २ पटक माछा वा मासु खुवाउनु पर्ने छ ।

५. चिया नास्ता तथा खाना खुवाउदा सफा र ताजा रुपमा क्वारेन्टाइन स्थलमा नै लगी खुवाउनु पर्ने छ ।

६. अन्य कुराहरु बुझ्नु परेमा रामधुनी नगरपालिकाको जिन्सी शाखामा बुझ्न सकिने छ ।

७. प्राप्त दररेट स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

२०७७।०३।३०

प्रमुख प्रशासकिय अधि

रामधुनी नगरपालि